# बैठक नं. ५

मिति २०८२।१०।२३ गते

समय दिनको : १:०० बजे

स्थान गाउँकार्यपालिकाको सभाहल बाँफिकोट रुकुम पश्चिम

आज मिति २०८२।१०।२३। गतेका दिन बाँफिकोट गाउँपालिकाका अध्यक्ष श्री जनक कुमार बाँठा मगर ज्यू को अध्यक्षतामा गाउँकार्यपालिकाको वैठक तपशिलको उपस्थितिमा वसी देहायअनुसार निर्णय गरियो।

**उपस्थित**

| सि.न. | नामथर पद तथा प्रतिनिधित्व | मोवाइल नं | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री जनक कुमार बाँठामगर अध्यक्ष बाँफिकोट गाउँपालिका | 9844941181 | | |
| २ | श्री तारा बुढा के.सी.उपाध्यक्ष बाँफिकोट गाउँपालिका | [illegible] | | |
| ३ | श्री धन बहादुर खड्का वडा अध्यक्ष वडा नं १ | 9868900722 | | |
| ४ | श्री प्रकाश खत्री वडा अध्यक्ष वडा नं २ | 9851097851 | | |
| ५ | श्री तिल विर के सी वडा अध्यक्ष वडा नं ३ | 9869982608 | | |
| ६ | श्री शेर बहादुर वली वडा अध्यक्ष वडा नं ४ | 9809509484 | | |
| ७ | श्री मनु शाही वडा अध्यक्ष वडा नं ५ | 9844949199 | | |
| ८ | श्री मनोज कुमार अधिकारी वडा अध्यक्ष वडा नं ६ | 9863198647 | | |
| ९ | श्री नर बहादुर खत्री वडा अध्यक्ष वडा नं ७ | 9846306177 | | |
| १० | श्री धन बहादुर के सी वडा अध्यक्ष वडा नं ८ | 9843762769 | | |
| ११ | श्री जोग बहादुर चन्द वडा अध्यक्ष वडा नं ९ | 9844990067 | | |
| १२ | श्री हरि बहादुर चन्द वडा अध्यक्ष वडा नं १० | 9851185582 | | |
| १३ | श्री कमला के सी मल्ल कार्यपालिका सदस्य | 9843288557 | | |
| १४ | श्री मनबहादुर बादी कार्यापालिका सदस्य | 9746405397 | | |
| १५ | श्री ज्योतिका नेपाली कार्यापालिका सदस्य | 9841103597 | | |
| १६ | श्री शेरु विश्वकर्मा कार्यापालिका सदस्य | 9766218811 | | |
| १७ | श्री पविता सुनार कार्यापालिका सदस्य | 9748707502 | | |
| १८ | श्री रीता जैसी कार्यपालिका सदस्य | 9806219060 | | |
| १९ | श्री विकास विक्रम शाह, प्रमुख प्रशासकीय अधिकृत | 9857888729 | | |

प्रमाणित

विकास विक्रम शाह
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावहरु (२०८२।[illegible]३१):** (२०८२।१०।२३)

१. सेवा प्रवाह समीक्षा सम्बन्धमा,

२. संघीय विशेष र समपूरक अनुदानका आयोजना/कार्यक्रम माग गर्ने सम्बन्धमा,

३. कर्णाली प्रदेश सरकारमा प्रदेश विशेष र समपूरक अनुदानका आयोजना/कार्यक्रम माग गर्ने सम्बन्धमा,

४. आर्विटेशन सम्बन्धमा,

५. विपद् राहत रकम उपलब्ध गराउने सम्बन्धमा,

६. दायित्व रकम भुक्तानी सम्बन्धमा,

७. प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम तथा दररेट पास सम्बन्धमा,

८. संघीय सरकारबाट हस्तान्तरित सडक स्तोन्नति कार्यक्रम कार्यान्वयन सम्बन्धमा,

९. करार कर्मचारिहरुको म्याद थप सम्बन्धमा,

१०. घरनक्सा पासको जिम्मेवारीमा अमिन सुन्दर खड्कालाई तोक्ने सम्बन्धमा,

११. सीप परिक्षण समन्वय समिति गठन सम्बन्धमा,

१२. अस्थायी आवासको पहिलो, दोस्रो किस्ता भुक्तानी सम्बन्धमा ।

चौफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश नेपाल
२०७३

**विविध प्रस्तावहरू:**

प्रमाणित

विकास विक्रम शाह
प्रमुख प्रशासकीय अधिकृत

**निर्णयहरुः**

१. बाँफिकोट गाउँकार्यपालिकाको कार्यापालिकाबाट प्रवाह भईरहेको सेवालाई थप चुस्त, दुरुस्त र नागरिकमैत्री बनाउन आवश्यक सहजीकरण र निर्देशन दिने निर्णय गरियो ।

२. संघीय समपूरक र विशेष अनुदान अन्तरगत बाँफिकोट गाउँपालिकामा आर्थिक वर्ष २०८३/८४ मा कार्यान्वयनको लागि तपसिल बमोजिमको समपूरक र विशेष अनुदानका आयोजना/कार्यक्रम राष्ट्रिय योजना आयोग समक्ष माग गर्ने निर्णय गरियो ।

बाँफिकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश नेपाल
२०७३

**तपसिलः**

**संघीय समपूरक अनुदान तर्फः**

| प्राथमिकता क्रम | आयोजनाको नाम | रकम | कैफिएत |
|---|---|---|---|
| १. | मग्मा स्वास्थ्य चौकी भवन निर्माण आयोजना, बाँफिकोट ६ । | रु ३ करोड । | |
| २. | बाँफिकोट वडा नं ५ वडा कार्यालय भवन निर्माण आयोजना । | रु. १ करोड । | |
| ३. | माथिल्लो ढारपानी पोखरा तलिगाउँ सिंचाई आयोजना। | रु. १ करोड । | |

**संघीय विशेष अनुदान तर्फः**

| प्राथमिकता क्रम | आयोजनाको नाम | रकम | कैफिएत |
|---|---|---|---|
| १. | उत्पादकत्वको लागि पुमाजिउला, तल्लाबगरजिउला दह सिंचाई आयोजना । | १ करोड । | |
| २. | लक्षित समुदाय सहित सिमैछहरी कोटडाँडा खानेपानी निर्माण आयोजना । | १ करोड । | |
| ३. | लक्षित समुदाय सहित हलबाँधे कोप्चा छरिखोला मोराबाङ खानेपानी निर्माण आयोजना । | १ करोड । | |

प्रमाणित

विकास विक्रम शाह
प्रमुख प्रशासकीय अधिकृत

जनक कुमार बौठा मगर
अध्यक्ष

३. कर्णाली प्रदेश सरकारमा प्रदेश समपूरक, विशेष अनुदान अन्तरगत बाँफिकोट गाउँपालिकामा आर्थिक वर्ष २०८३/८४ मा कार्यान्वयनको लागि तपसिल बमोजिमको समपूरक र विशेष अनुदानका आयोजना/कार्यक्रम माग गर्ने निर्णय गरियो।

**तपसिलः**

**प्रदेश समपूरक अनुदान तर्फ**

| प्राथमिकता क्रम | आयोजनाको नाम | रकम | कैफिएत |
|---|---|---|---|
| १. | रातापानी मैचु ठूला ढुङ्गा डारुबाङ नदुवा सडक आयोजना। | १ करोड। | |
| २. | सानोभेरी तार्सुकाँडा सडक निर्माण तथा स्तरोन्नति आयोजना। | १ करोड। | |
| ३. | पटाङ्ग्रि घुर्ति लेखाबाङ ज्यामनदारा सडक निर्माण आयोजना। | २ करोड। | |
| | | | |

प्रमाणित

विकास विक्रम शाह
प्रमुख प्रशासकीय अधिकृत

**प्रदेश विशेष अनुदान तर्फः**

| प्राथमिकता क्रम | आयोजनाको नाम | रकम | कैफिएत |
|---|---|---|---|
| १. | लक्षित समुदाय सहित कालाखोला बाँफिकोट खानेपानी निर्माण आयोजना। | १ करोड। | |
| २. | लक्षित समुदायको लागि भंखोला माथिल्लो ठाँटी तल्ला ठाँटी खानेपानी निर्माण आयोजना। | १ करोड ५० लाख। | |
| ३. | बाँफिकोट वडा नं ७ स्वास्थ्य भवन निर्माण आयोजना। | १ करोड। | |

४. बाँफिकोट गाउँकार्यपालिकाको कार्यालयको ठेक्का Banphikot Hospital Building Construction, Banphikot Rural Municipality, Rukum West, Contract no. NCB/WORKS- 08/2078/079 को ठेक्का निर्माण सम्बन्धमा उक्त ठेक्काको कार्यान्वयनको चरणमा आएको विवाद समाधानको लागि आर्विटेशन प्रक्रियामा जानको लागि लाग्ने शुल्क रु. ३,४५,००० । अक्षरुपी तीन लाख पैंचालिस हजार रुपैंया कार्यपालिका

सदस्य मार्फत भुक्तानी गर्ने र उक्त रकम सोधभर्ना गर्न गाउँसभामा आउँदो अधिवेशनमा बजेटको पासको लागि पेश गर्ने निर्णय गरियो ।

५. बाँफिकोट गाउँपालिका वडा नं. १० बस्ने बर्ष अन्दाजी ४३ की अमृता बुढा मगर माईति घर जाँदा आठविसकोट नगरपालिका वडा नं १२ तातोपानी स्थित गिजागार खोला तर्ने क्रममा बगाई सोही खोलामा मृत अवस्थामा फेला परेको हुँदा नीजको छोरी निर्मला बुढा मगर के.सी. को निवेदन बमोजिम पाउने नियमानुसारको राहत रकम बाँफिकोट गाउँकार्यपालिकाको कार्यालयबाट भुक्तानी गरी जिल्ला प्रशासन कार्यालयबाट सोधभर्ना माग्ने निर्णय गरियो ।

६. आर्थिक बर्ष २०८१/८२ बाँकी रहेको दायित्व रकम भुक्तानी सम्पन्न गरी स्रोत सुनिश्चितताका आधारमा नयाँ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

७. प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गर्न पेश भएको दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

८. संघीय सरकारबाट हस्तान्तरित सडक स्तरोन्नति कार्यक्रम कार्यान्वयनको लागि स-साना बजेट ठेक्का नगरिएको एकिन गरी प्याकेजिङ् गरि ठेक्का खोल्ने निर्णय गरियो ।

९. बाँफिकोट गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत विभिन्न सेवा, समूह र पदमा कार्यरत सम्पूर्ण करार कर्मचारीहरुलाई मिति २०८२ माघ देखि २०८२ असार मसान्तसम्मको लागि करार म्याद थप गर्ने निर्णय गरियो।

१०. घर नक्सा पास अभिलेखिकरणको थप जिम्मेवारीको लागि भूमि आयोगबाट पठाईएका अमिन श्री सुन्दर खड्कालाई तोक्ने निर्णय गरियो ।

११. कर्णाली प्रदेश सरकारको परिपत्र बमोजिम तपसिलको बाँफिकोट गाउँपालिका स्तरिय प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम समन्वय समिति गठन गर्ने निर्णय गरियो

तपसिल

संयोजक - उपाध्यक्ष,

प्रमुख प्रशासकीय अधिकृत - सदस्य,

सामाजिक विकास संयोजक - सदस्य - श्री मन बहादुर वादी,

रोजगार शाखा प्रमुख - सदस्य - श्री समीर गौतम,

उद्यम विकास सहजकर्ता- सदस्य- श्री प्रतिभा कुसारि,

संघसङ्स्था, व्यवसायी वा रोजगार संस्थाहरुबाट १ महिला - सदस्य - श्री जुना परियार,

शिक्षा शाखा प्रमुख - सदस्य सचिव - श्री चिरन्जिवि रेग्मी ।

१२. अस्थायी आवासको पहिलो, दोस्रो किस्ता भुक्तानी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

प्रमाणित

विकाश विक्रम शाह
प्रमुख प्रशासकीय अधिकृत

१३. कर्णाली प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट बाँफिकोट गाउँपालिकामा विनियोजित बजेट "गुरुमाला पर्यटन पूर्वाधार निर्माण, बाँफिकोट ४" शीर्षक भएकोमा उल्लेखित आयोजना बाँफिकोट गाउँपालिका वडा नं ५ मा रहेको र सो कार्यान्वयनको लागि विनियोजित बजेट शीर्षक "गुरुमाला पर्यटन पूर्वाधार निर्माण, बाँफिकोट ५" कायम हुन डिभिजन वन कार्यालय रुकुम पश्चिम भाग मार्फत कर्णाली प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई सिफारिस सहित अनुरोध गर्ने निर्णय गरियो।

१४. संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम विशेष अनुदानबाट "थारमारे पालाकोट खानेपानी योजना वडा नं १" शीर्षकमा रु. ८० (अक्षरुपी असी) लाख विनियोजन भएकोमा गाउँपालिकाको प्राविधिकबाट उक्त आयोजनाको स्थलगत अबलोकन गरी लागत अनुमान तयार गर्दा ९४ (चौरानब्बे) लाख १८ (अठार) हजार लागत अनुमान बमोजिम ठेक्का आह्वान गर्न स्रोत सुनिश्चित भएको ८० (असी) लाख बाहेकको बाँकी रकम १४ (चौध लाख) १८ हजारको स्रोत सुनिश्चितता गर्न उल्लेखित आयोजनामा बाँफिकोट गाउँपालिकाको कार्यालयबाट आन्तरिक स्रोतबाट व्यहोर्ने गरी विनियोजन गर्ने र स्वीकृतिको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो।

प्रमाणित

विकास विक्रम शाह
प्रमुख प्रशासकीय अधिकृत

जनक कुमार बौंठा मगर
अध्यक्ष